# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, जेठ २० गते २०५८ साल (अतिरिक्ताङ्क १३)


## भाग ४

### राजपरिषद्को सूचना १

राजपरिषद् सचिवालयमा संवत् २०५८ साल जेठ २० गते शनिबारका दिन बसेको राजपरिषद्को बैठकले गरेको देहायबमोजिमको घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ :–

#### राज्यारोहणको घोषणा

प्रजावत्सल परम आदरणीय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव संवत् २०५८ साल जेठ १९ गते रोज ६ का दिन राती २१.१५ बजे नारायणहिटी राजदरबारमा स्वर्गारोहण होइबक्सेको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७, राजगद्दी उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परा अनुसार मौसूफका जेष्ठ सुपुत्र राजगद्दी उत्तराधिकारी श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव विक्रम संवत् २०५८ साल जेठ १९ गते रोज ६ देखि नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज होइबक्सेको घोषणा गर्दछौं ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

राजपरिषद् सचिवालयमा सम्वत् २०५८ साल जेठ २० गते शनिबारका दिन बसेको राजपरिषद्को बैठकले गरेको देहायबमोजिमको घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ :–

### राज्य सहायकको घोषणा

श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव शारीरिक अशक्तावस्थाको कारणले हाल वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा सघन उपचारको अवस्थामा होइबक्सेकोले नेपाल अधिराज्यको श्री ५ महाराजाधिराजको हैसियतले कार्यभार वहन गर्न असमर्थ होइबक्सेको र मौसूफका मुमा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह तथा भाइ श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाह पनि स्वर्गारोहण भएकोले आज बसेको राजपरिषद्को बैठकले नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वर्गवासी महाराजाधिराजका माहिला भाइ मौसूफका काका श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहलाई नेपाल अधिराज्यको राज्य सहायक घोषणा गर्दछौं ।

आज्ञाले,
जीतबहादुर मानन्धर
सचिव, राजपरिषद्



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

44